


समृद्ध नेपाल र उज्जवल भविष्यका लागि
बालश्रम मुक्त स्थानीय तह अभियान

# बालश्रम मुक्त स्थानीय तह कसरी बनाउने

GIRLS ADVOCACY ALLIANCE

for a larger freedom
स्वतन्त्रता अभियान
SWATANTRATA ABHIYAN

20 YEARS GLOBAL MARCH

NCAP

# बालश्रम मुक्त स्थानीय तह कसरी बनाउने

स्वतन्त्रता अभियान नेपाल

सम्पादन
मिलन धरेल र ऋतु भट्ट राई

# पाठ १
# बालश्रमको बारेमा

## क) बालबालिका को हुन् ?

नेपालको प्रचलित कानून तथा बाल अधिकार महासन्धि (१९८९) ले बालबालिका भन्नाले १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरूलाई परिभाषित गरेको छ । बालबालिकाको शारीरिक बनावट, खानपिन, मानसिक अवस्था, पारिवारिक अवस्था यी सबैमा विविधता रहन सक्दछ, तर जुनसुकै परिवेश र अवस्थामा भए पनि १८ वर्ष भन्दा कम उमेरका सबै व्यक्तिहरू बालबालिका हुन् । कतिपय अवस्थामा विभिन्न ऐन, कानूनहरूले विभिन्न प्रयोजनका लागि विभिन्न उमेरहरू तोकिदिएका छन् । ती उमेरहरू बालबालिकाको परिभाषा होइनन् । निश्चित सेवा सुविधा वा कानूनी व्यवस्था कार्यान्वयनका लागि तोकिएका उमेर वर्गहरूमात्र हुन् । तल बक्स १ मा यस्ता विभिन्न प्रयोजनका लागि गरिएको उमेर वर्गीकरणको सूचि दिइएको छ । ती सूचिले सम्बन्धित प्रयोजनका लागि मात्र काम गर्दछन् ।

तालिका - १

**विभिन्न प्रयोजनमा बालबालिकाको उमेर वर्गीकरण**

- ५ देखि १३ वर्ष उमेर सम्मका व्यक्तिहरूलाई अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नुपर्ने ।
- ३ देखि ६ वर्ष उमेरका बालबालिकालाई बाल विकास केन्द्रमा भर्ना गर्नुपर्ने ।
- ५ वर्ष भन्दा कम उमेरका बालबालिकालाई तोकिएको खोप तथा भिटामिन खुवाउनुपर्ने ।
- १० वर्ष भन्दा कम उमेरका बालबालिकाले अपराधिक दायित्व लिनुनपर्ने ।
- १० देखि १४ वर्ष उमेरका व्यक्तिलाई ६ महिनासम्मको कैद वा एक वर्ष सुधारगृहको सजाय हुने, १४ देखि १६ वर्षकालाई आधा सजाय हुने, १६ देखि १८ वर्षकालाई दुई तिहाई सजाय हुने ।
- १५ देखि १८ वर्ष उमेरका बालबालिकालाई तोकिएको सर्त, मापदण्ड भित्र रही रोजगारीमा लगाउन सकिने ।
- १३ देखि १९ वर्ष उमेरका व्यक्तिलाई किशोरकिशोरी भनी परिभाषित गरिएको छ ।
- विवाहका लागि २० वर्ष उमेर पुरा गरेको हुनुपर्छ ।
- १६ वर्ष उमेर पुरा गरेपछि नागरिकताको प्रमाण-पत्र पाउन सकिन्छ ।

## ख) बालश्रम र बालश्रम शोषण

कानून विपरित कुनै पनि बालबालिकालाई रोजगारीमा लगाउनु वा आय आर्जनका काममा संलग्न गराउनु बाल श्रम हो । नेपालको कानूनी व्यवस्था अनुसार निम्न अवस्थाहरू बालश्रम हुन् :

१४ वर्षभन्दा कम उमेरका बालबालिकालाई रोजगारीमा संलग्न गराउनु ।

- १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई तोकिएको जोखिमपूर्ण श्रम तथा व्यवसायमा संलग्न गराउनु ।
- शिक्षा तथा स्वास्थ्यका अवसरहरू गुमाउन बाध्य बनाई रोजगारी तथा आय आर्जनका कार्यहरू परिवार भित्रै, पारिवारिक पेशा व्यवसाय, काममा बालबालिकालाई लगाउनु
- यदि कानूनी सर्त, मापदण्ड र नियम व्यवस्थालाई पालना गरी १५ देखि १८ वर्ष उमेरका व्यक्तिहरूलाई कसैले श्रममा संलग्न गराउँछ भने त्यसलाई बाल रोजगारी भनिन्छ ।

**बालश्रम शोषण**

बालश्रम र बालश्रम शोषण अधिकांश समयसँगै छलफल हुने गरेका विषय हुन् । कुनै पनि बालबालिका रोजगारी संलग्न हुँदैमा बालश्रम शोषण भयो भन्न मिल्दैन । शोषण भन्नाले कसैप्रतिको अधिकार, संरक्षण, दायित्वको दुरूपयोग वा कसैको गलत प्रयोग गरी नाफा कमाउनु भन्ने बुझिन्छ । तसर्थ बालश्रम शोषण भन्नाले बालबालिकाको श्रमलाई प्रयोग गरी त्यसबाट अवाञ्छित नाफा कमाउनु वा फाइदा लिनु भन्ने बुझिन्छ । यस अर्थमा निम्न कार्यहरू बालश्रम शोषण हुन् :

- १४ वर्ष भन्दा कम उमेरका बालबालिकालाई रोजगारीमा लगाउनु ।
- १५ वर्ष भन्दा बढी उमेरका बालबालिकालाई रोजगारीमा लगाउँदा तल उल्लिखित एक वा एक भन्दा बढी अवस्था रहनु । यी अवस्थाहरू नेपालको बालश्रम कानून विपरित रहेका छन्:
    - दैनिक ६ घण्टा वा साप्ताहिक ३६ घण्टा भन्दा बढी काममा लगाउनु,
    - बिहान ६ बजे अगाडि र साँझ ५ बजेपछि काममा लगाउनु,
    - लगातार तीन घण्टा भन्दा बढी समय काममा लगाउनु,
    - कानूनले तोके अनुसार न्यूनतम ज्याला प्रदान नगर्नु,
    - बालबालिकाको क्षमताले भ्याउने भन्दा बढी समय र शक्ति लाग्ने काममा लगाउनु,
    - बालबालिकाको विद्यालय शिक्षाबाट बञ्चित बनाई काममा लगाउनु,

बालबालिकालाई अस्वस्थ, जोखिमपूर्ण (दुर्घटना, स्वास्थ्यमा असरपर्ने, नैतिकतामा असर पर्ने कामहरू लगाउनु । जस्तै : मदिरा, सुर्ती तथा चुरोटहरू बिक्री वितरण, ओसारपसार गर्न, यौन उत्तेजक परिवेश र वातावरणमा काममा लागाउनु, उचाईमा, पानीमा, गहिराईमा गर्नपर्ने काममा लगाउनु, व्यवसायजन्य स्वास्थ्य सुरक्षा उपकरण प्रदान नगरी काममा लगाउने ।

## ग) बालश्रमका कारणहरू

सामान्यतया बालश्रमका कारणहरूका रूपमा आर्थिक गरिबी, शिक्षा र चेतनाको कमी तथा अज्ञानतालाई लिने गरिन्छ । कतिपय अवस्थामा स्वयं बालबालिकाको शहरी जीवनप्रतिको आकर्षण, शिक्षाको रहर र बाध्यतालाई लिने गरेको पाइन्छ । यी कारणहरू मूलतः परम्परागत र श्रोत केन्द्रित छन् । बालश्रमको समग्र अभ्यास र प्रणालीलाई अध्ययन गर्ने हो भने बालश्रमका कारणहरू फरक पाउन सकिन्छ । केही त्यस्ता कारणहरू तल दिइएको छ :

**बालश्रमिकका व्यक्तिगत तथा पारिवारिक कारणहरू**

- चरम आर्थिक गरिबी, अशिक्षा, बालश्रमको बारेमा पर्याप्त जानकारी नहुनु, परम्परागत गलत मान्यताहरू, पारिवारिक ऋण, विद्यालय छाड्नु, शहरी जीवनप्रतिको आकर्षण, पारिवारिक विखण्डन, परिवार तथा समुदायमा विद्यमान भेदभावहरू

**रोजगारदाताका कारणहरू**

- वयस्क श्रमिकहरूको उपलब्धतामा कमी, सामाजिक स्वीकार्यता, कम तलब र सुविधाबाट बढी नाफा लिन सकिने, उत्पादन तथा सेवाहरू सस्ता बनाई बजार प्रतिस्पर्धा गर्न सकिने, गरिबीमा रहेकालाई सहयोग गरेको भन्ने गलत मान्यता

**राज्य प्रणालीसँग सम्बन्धित कारणहरू**

- गरिब तथा पछाडि पारिएका र जोखिममा रहेका समूहका लागि सामाजिक संरक्षणका कार्यक्रमहरू नहुनु,
- बजार अनुगमन तथा श्रम निरिक्षण र कानूनी कार्वाही व्यवस्थित, प्रभावकारी नहुनु,
- शिक्षामा रहेको विभेद तथा सार्वजनिक सेवाहरूको निजीकरण र महँगाई,
- शहर र ग्रामिण क्षेत्रबीच विकासका कार्यक्रमहरूको सन्तुलन नरहनु,
- बालश्रमिक प्रयोगकर्ता र नाफा कमाउनेहरू नै सरकारमा रहने, प्रभावशाली रहने,
- आपूतिर्त प्रणालीको अनुगमन र जिम्मेवारी प्रवर्द्धन नगर्ने ।

**उपभोक्ताहरूसँग सम्बन्धित कारणहरू**

- सस्तो सेवा तथा बस्तुहरूको माग र उपभोग ।
- सेवा तथा बस्तुहरूको उत्पादन र वितरण प्रणालीप्रति अनभिज्ञ ।
- बालश्रमको प्रयोग भएका सेवा तथा बस्तुहरूको निरन्तरतादिनु, बहिस्कार गर्न नसक्नु ।

**यस अर्थमा बालश्रम निरन्तर रहनुका पछाडि निम्न पक्षहरू जिम्मेवार छन् :**

**रोजगारदाता** : जसले प्रत्यक्ष रूपमा बालबालिकालाई श्रममा संलग्न गराउँछ ।

**उद्योग, व्यवसाय** : जसको आपूर्ति प्रणालीमा बालश्रम प्रयोग हुन सक्दछ ।

**सरकार** : जसले बालश्रम प्रयोगको अनुगमन, उद्धार र कार्वाही गर्दैन, सामाजिक सुरक्षाका योजना र जोखिमता न्युनीकरणका कार्यक्रमहरू गर्दैन ।

**विचौलिया** : जसले अविभावक, रोजगारादाता र स्वयं बालबालिकालाई बालश्रमका लागि सहजीकरण, प्रोत्साहन गर्दछ ।

**उपभोक्ता** : जसले आफ्नो उपभोग्य सामाग्रीको उत्पादन र वितरण प्रणालीबारे सरोकार राख्दैन ।

**अविभावक** : जसले रोजगारदातासँगको सौदावाजी नगरी बढी आम्दानीका लागि आफ्ना बालबालिकालाई श्रममा लगाउँदछ ।

# पाठ २ बालश्रमसम्बन्धी कानूनी व्यवस्था

## क) संवैधानिक व्यवस्थाहरू :

नेपालले बालश्रम सम्बन्धमा संवैधानिक र कानूनी प्रतिवद्धताका साथै अन्तर्राष्ट्रिय श्रम मापदण्डहरूको पनि अनुमोदन गरेको छ । नेपालका कानूनी व्यवस्थाहरूलाई तल दिईएको छः–

**नेपालको संविधानमा उल्लिखित व्यवस्थाहरू**

**धारा २१ : अपराध पीडितको हक :** (२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पूनर्स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।

**२९. शोषण विरूद्धको हक :**

(१) प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक हुनेछ ।

(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइनेछैन ।

(४) कसैलाई पनि निजको इच्छा विरूद्ध काममा लगाउन पाइनेछैन ।

(५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**३३. रोजगारीको हक :**

(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीका सर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानून बमोजिम हुनेछ ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।

**३४. श्रमको हक :**

(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

**३९. बालबालिकाको हक :**

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइनेछैन ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**५१. राज्यका नीतिहरू,**

**(झ) : श्रम र रोजगार सम्बन्धी नीति**

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बाल श्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने ।

## ख) कानूनी व्यवस्था

नेपालमा बालश्रमलाई सम्बोधन गर्ने कानूनी व्यवस्थाहरू पनि रहेका छन् । यस अन्तर्गत प्रत्यक्ष रूपमा आकर्षित हुने कानूनहरू निम्न रहेका छन् :

- नेपालको श्रम ऐन, २०७४ र उक्त ऐनको नियमावली, २०७५
- बाल श्रम निषेध र नियमित गर्ने ऐन, २०५६ र उक्त ऐनको नियमावली, २०६१
- कमैया श्रम निषेध गर्ने सम्बन्धी ऐन, २०५८
- अपराध पीडितको हक संरक्षण गर्ने ऐन, २०७५
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र उक्त ऐनको नियमावली, २०६४
- मुलुकी फौजदारी अपराध संहिता, २०७४

**नेपालको कानूनी व्यवस्था**

**नेपालको श्रम ऐन, २०७४ का व्यवस्थाहरू**

**दफा ४ बाँधा श्रममा लगाउन नहुने :** (१) कुनै श्रमिकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाँधा श्रममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिकले गरेका देहायका काम वा सेवालाई बाँधा श्रम मानिनेछैन :

(क) राष्ट्रलाई आवश्यक परेका बखत नागरिकको कर्तव्य अन्तर्गत गर्नुपर्ने काम वा सेवा

(ख) अदालतबाट भएको निर्णय वा आदेश बमोजिमको सजाय बापत गर्नुपर्ने काम वा सेवा

(ग) समुदायको हितका लागि त्यस्तो समुदायको सदस्यको हैसियतले गर्नुपर्ने काम वा सेवा ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "बाँधा श्रम" भन्नाले कुनै श्रमिकलाई कुनै काम वा सेवा नगरेमा कुनै किसिमको आर्थिक, शारीरिक वा मानसिक रूपमा कारबाही गर्ने डरत्रास देखाई निजको इच्छा विपरीत कुनै काम वा सेवा गराउने कार्य सम्झनुपर्छ ।

**दफा ५ बालबालिकालाई काममा लगाउन नहुने :** कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी कुनै काममा लगाउनुहुँदैन ।

**दफा ६७ श्रमिकबाट शुल्क लिन नपाउने :** श्रमिक आपूर्तिकर्ताले आफूले आपूर्ति गरेका श्रमिकबाट कुनै किसिमको शुल्क वा कमिसन लिन पाउनेछैन ।

**दफा ९४ श्रम कार्यालयको काम, कर्तव्य र जिम्मेवारी :** (क) यस ऐन बमोजिम निर्धारण गरिएको न्यूनतम पारिश्रमिक, भत्ता वा सामूहिक सम्झौता बमोजिम पाउनुपर्ने सुविधा तथा प्रचलित नेपाल कानूनले श्रमिक तथा रोजगारदातालाई प्रदान गरेको अधिकार कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने

(ख) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन गरी कार्यान्वयन गर्न सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिने

(छ) बालबालिकालाई काममा लगाइए नलगाइएको सम्बन्धमा निरीक्षण गरी काममा लगाइएको देखिएमा तत्काल उद्धार गर्ने र त्यस्तो रोजगारदातालाई कारबाही गर्ने ।

**कमैया श्रम निषेध गर्ने सम्बन्धी ऐन, २०५८**

**दफा २ परिभाषा :** ( क) "कमैया श्रम" भन्नाले देहायका कारणबाट बिना ज्याला वा न्यून ज्यालामा ऋणदाताका लागि गर्नुपर्ने श्रम वा सेवा सम्झनुपर्छ :

(१) आफू वा आफ्नो परिवारले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नका लागि

(२) पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नका लागि

(३) ऋणदाता समक्ष कुनै कमैया श्रमिकको जमानी बसेकामा त्यस्तो कमैया श्रमिकको कमैया ऋण चुक्ता गर्नका लागि ।

(ख) "कमैया श्रमिक" भन्नाले भैँसवार, गैवार, बर्दिकार, छेकरवार, हरूवा, चरूवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनुपर्छ ।

**दफा ३ कमैया श्रमिकबाट मुक्त हुने** : यो ऐन प्रारम्भ हुँदाका बखत कमैया श्रमिकको रूपमा काम गरेको व्यक्ति यो ऐन प्रारम्भ भएपछि कमैया श्रमिकबाट स्वतः मुक्त हुनेछ ।

**दफा ४ कमैया श्रमिकका रूपमा काममा लगाउन नहुने :** कसैले पनि यो ऐन प्रारम्भ भएपछि कसैलाई कमैया श्रमिकका रूपमा राख्न वा काममा लगाउन हुँदैन ।

**दफा ५ कमैया ऋण तिर्नु नपर्ने :** कमैया श्रमिकले ऋणदातासँग लिएको कमैया ऋण यो ऐन प्रारम्भ भएपछि ऋणदातालाई तिर्नुपर्ने छैन ।

**दफा ६ लिखत वा सम्झौता रद्द हुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणदाता र कमैया श्रमिकबीच कमैया ऋण लिनेदिने सम्बन्धमा भएको लिखत वा लिखित वा अलिखित सम्झौता यो ऐन प्रारम्भ भएपछि स्वतः रद्द हुनेछ ।

**दफा ७ बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता गर्नुपर्ने** : ऋणदाताले कमैया श्रमिकलाई कमैया ऋण दिंदा कुनै सम्पत्ति बन्धक वा जमानतमा लिएको भए यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र बन्धक वा जमानत लिएको सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्नेछ ।

**दफा १३ न्यूनतम ज्याला दर निर्धारण गर्न सक्ने :** ( १) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कृषि श्रमिकको न्यूनतम ज्याला दर निर्धारण गर्नेछ । (२) कसैले पनि कृषि श्रमिकलाई ज्याला नदिई वा उपदफा ( १) बमोजिम निर्धारित न्यूनतम ज्याला दरभन्दा कम ज्याला दिने गरी काममा लगाउनुहुँदैन ।

**दफा १६ सजाय :** ( १) कसैले दफा ४ विपरीत कसैलाई कमैया श्रमिकका रूपमा काममा लगाएमा मुद्दा हेर्ने अधिकारी(प्रमुख जिल्ला अधिकारी)ले त्यस्तो व्यक्तिलाई पन्ध्र हजार रूपैयाँदेखि पच्चिस हजार रूपैयाँसम्म जरिवाना गरी त्यसरी काममा लगाइएको प्रत्येक दिनको, यस ऐन बमोजिम निर्धारित न्यूनतम ज्याला दरको दोब्बर रकम त्यस्तो काम लगाउने व्यक्तिबाट काम गर्ने व्यक्तिलाई भराइदिनेछ ।

(३) कसैले दफा १३ बमोजिम ज्याला नदिई वा न्यूनतमभन्दा कम ज्याला दिई कसैलाई काममा लगाएमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई एक हजार रूपैयाँदेखि तीन हजार रूपैयाँसम्म

जरिवाना गरी त्यसरी काममा लगाएको प्रत्येक दिनको, यस ऐन बमोजिम निर्धारित न्यूनतम ज्याला दरको दोब्बर रकम त्यस्तो काम लगाउने व्यक्तिबाट काम गर्ने व्यक्तिलाई भराइदिनेछ ।

**बाल श्रम निषेध र नियमित गर्ने ऐन, २०५६को व्यवस्था**

**दफा २ क : "बालक"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनुपर्छ ।

**दफा ३ बालकलाई काममा लगाउन नहुने :** (१) कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकका रूपमा काममा लगाउनुहुँदैन । (२) कसैले बालकलाई अनुसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनुहुँदैन ।

**दफा ४ बालकलाई इच्छा विरूद्ध काममा लगाउन नहुने :** कसैले पनि बालकलाई ललाइफकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरूद्ध श्रमिकका रूपमा काममा लगाउनुहुँदैन ।

**दफा ६ स्वीकृति लिनुपर्ने :** (१) कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनुपरेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबुआमा वा संरक्षकको स्वीकृति लिनुपर्नेछ ।

**दफा ७ योग्यताको प्रमाण पत्र लिनुपर्ने :** (१) प्रतिष्ठानले बालकलाई श्रमिकका रूपमा काममा लगाउनुअघि त्यस्तो बालकले श्रमिकका रूपमा काम गर्न सक्ने योग्यताको प्रमाण पत्र लिनुपर्नेछ । यस्तो योग्यताको प्रमाण–पत्र एक वर्षका लागि हुन्छ र श्रम कार्यालयले चिकित्सकको परीक्षणका आधारमा जारी गर्दछ ।

**दफा ९ बालकलाई काममा लगाउने समय :** (१) बालकलाई बेलुका छ बजेपछि बिहान छ बजेसम्मको अवधिभर काममा लगाउनुहुँदैन । (२) बालकलाई दिनमा छ घण्टा र एक हप्तामा छत्तिस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन । (३) बालकलाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको बिदा दिनुपर्नेछ । (४) उपदफा (३) बमोजिम दिइएको प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहको एक दिनको बिदा काम गरेको अवधि मानिनेछ । (५) एकै दिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालकलाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउनुहुँदैन ।

**दफा १० पारिश्रमिक र सुविधा :** (१) प्रतिष्ठानले श्रमिकका रूपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामका लागि समान पारिश्रमिक र सुविधा दिनुपर्नेछ । (२) प्रतिष्ठानमा काम गर्ने बालकले पाउने पारिश्रमिक, भत्ता, बिदा र अन्य सुविधा तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) बमोजिम तोकिएको पारिश्रमिक र सुविधाभन्दा कम पारिश्रमिक र सुविधा दिने गरी व्यवस्थापकले बालकलाई प्रतिष्ठानमा काममा लगाउनुहुँदैन ।

**दफा ११ बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था :** प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य र सुरक्षाका सम्बन्धमा व्यवस्थापकले अपनाउनुपर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**दफा १२ उमेर सम्बन्धी विवाद :** (१) प्रतिष्ठानमा काम गर्ने कुनै बालकको उमेरसम्बन्धी विवाद परेमा त्यस्तो बालकको जन्म दर्ता प्रमाण–पत्रमा उल्लिखित जन्म मिति अनुसारको उमेर

नै निजको वास्तविक उमेर मानिनेछ । (२) कुनै बालकको जन्म दर्ता प्रमाण पत्र नभएमा चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गराई निश्चित गरिएको उमेर नै निजको वास्तविक उमेर मानिनेछ ।

**दफा १५ निरीक्षण तथा कारबाही** : (१) श्रम कार्यालयले समयसमयमा कुनै कर्मचारीलाई बालकलाई काममा लगाउने प्रतिष्ठानको निरीक्षण गर्न खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको कर्मचारीलाई व्यवस्थापकले जुनसुकै समयमा प्रतिष्ठानमा प्रवेश गर्न र आवश्यक निरीक्षण गर्न दिनुपर्नेछ । यसरी निरीक्षण गर्न खटिएको कर्मचारीले हेर्न र बुझ्न चाहेको कुरा व्यवस्थापकले उपलब्ध गराउनुपर्नेछ ।

**दफा १९ दण्ड सजाय** : (१) कसैले दफा ३को उपदफा (१) विपरीत काम गरेमा (१४ वर्षभन्दा कम उमेरका बालबालिकालाई काममा लगाएमा) निजलाई तीन महिनासम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ३को उपदफा (२) विपरीत (जोखिमपूर्ण श्रममा) र दफा ४ विपरीत (इच्छा विपरीत तथा बाध्यकारी श्रममा) काम गरेमा निजलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) कुनै व्यवस्थापकले दफा ६, ७, ९, १० वा ११ विपरीत (स्वीकृति नलिई, योग्यताको प्रमाण–पत्र नलिई, तोकिएको समयभन्दा बढी वा अन्य समयमा तथा न्यूनतम पारिश्रमिक नदिई) बालबालिकालाई काममा लगाएमा निजलाई दुई महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(४) कुनै व्यवस्थापकले दफा ५, १३ वा १४ विपरीत (सूचना नदिई, दर्ता किताब नराखी) कुनै काम गरेमा निजलाई एक महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५) कसैले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा निजलाई पन्ध्र दिनसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(६) कसैले उपदफा (१), (२), (३), (४) वा (५) बमोजिम एक पटक सजाय पाइसकेपछि पुनः सोही काम गरेमा निजलाई पटकैपिच्छे सोही उपदफाहरूमा उल्लिखित सजायको दोब्बर सजाय हुनेछ ।

**२०. उजुरी र हद म्याद** : (१) यस ऐन अन्तर्गत सजाय हुने कसुरका सम्बन्धमा निरीक्षण गर्ने कर्मचारी, इलाका प्रहरी, बालकका आमाबाबु वा संरक्षक, सम्बन्धित गाउँपालिका वा नगरपालिका, ट्रेड युनियन र गैरसरकारी संस्थाले सम्बन्धित श्रम कार्यालयमा उजुरी दिन सक्नेछ ।

(२) यस ऐन अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा सो कार्य भएगरेको मितिले एक वर्षभित्र उजुरी दिनुपर्नेछ ।

**२१ सजाय गर्ने अधिकार** : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको उल्लङ्घन गर्ने व्यक्तिलाई दफा १९ बमोजिम सजाय गर्ने अधिकार श्रम कार्यालयलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम सजाय गर्दा श्रम कार्यालयले कैदको सजाय गर्नुपरेमा श्रम अदालतमा जाहेर गरी सो अदालतबाट निकासा भए बमोजिम गर्नुपर्नेछ ।

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४**

दफा २ (ङ) : "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ ।

दफा ४२ : निम्न अवस्थामा मानव ओसारपसार गरेको मानिन्छ : (क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने कार्य गरेमा

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डरत्रास वा धाकधम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।

**५. उजुरी गर्ने :** (१) मानव बेचबखिन तथा ओसारपसार गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुरी दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नुपर्नेछ ।

**दफा १५ सजाय :** (१) (च) शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा मानव ओसारपसार गरी लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद ।

**दफा २८ :** यस सम्बन्धी मुद्दा नेपाल सरकारवादी मुद्दाका रूपमा चल्नेछ ।

मुलुकी अपराध संहिता, २०७४ परिच्छेद १० : भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसुर

दफा १६२ जबर्जस्ती काममा लगाउन नहुने : (१) कसैले कसैलाई निजको इच्छा विरूद्ध काममा लगाउन हुँदैन । तर सार्वजनिक कामका लागि कानून बमोजिम श्रममा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिनेछैन । (२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

दफा १६३ दास बनाउन नहुने : (१) कसैले कुनै व्यक्तिलाई दास वा कमाराकमारी बनाउन, त्यस्तो हैसियतमा राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउनुहुँदैन । (२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँचदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

दफा १६४ बन्धक बनाउन वा बाँधा राख्न नहुने : (१) कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफल बापत कमैया राख्न वा बन्धक बनाउन वा बाँधा राख्न वा बाँधाको हैसियतमा काममा लगाउन वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार गर्न वा गराउन हुँदैन । (२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षदेखि सातवर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

## ग) नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धिहरू

नेपाल संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार महासन्धिहरूको पनि पक्ष राष्ट्र हो । नेपालले नागरिक राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि १९६६, आर्थिक सामाजिक सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६, बाध्यकारी श्रम सम्बन्धी आइएलओ महासन्धि २९, बाध्यकारी श्रम निर्मूलन सम्बन्धी आइएलओ महासन्धि १०५, श्रममा प्रवेश गर्ने न्यूनतम उमेर सम्बन्धी महासन्धि १३८ तथा निकृष्ट प्रकारको बाल श्रम निवारण सम्बन्धी महासन्धि १८२, अनुमोदन गरेको छ । नेपालको सन्धि ऐन (२०४७), अनुसार नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि–अभिसन्धिहरू नेपाली कानून सरह लागू हुन्छन् ।

नागरिक राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि, १९६६को धारा ८मा पक्ष राष्ट्रहरूले आफ्ना नियम कानून मार्फत् कसैलाई पनि बाध्यकारी श्रम, दासत्वका अभ्यासमा नरहनुपर्ने र त्यसबाट सुरक्षित रहने कुरा सुनिश्चित गर्ने व्यवस्था गरेको छ ।

त्यसैगरी आर्थिक सामाजिक सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६को धारा ७ मा सुरक्षित, स्वतन्त्र र मर्यादित रोजगारीको सुनिश्चितता गर्ने, बाध्यकारी श्रममा नरहने तथा समान ज्याला र अवसरहरूमा पहुँच बनाउन राज्य पक्षहरूले नीतिगत र कानूनी व्यवस्था गर्ने उल्लेख छ ।

दासत्व, दास व्यापार तथा दासत्व समान अभ्यासहरूको उन्मूलन सम्बन्धी महासन्धि १९६३ले  बाँधा, ऋण बँधुवा, शोषण तथा दास बनाउने उद्देश्यले गरिने मानव ओसारपसार र किनबेचलाई निषेध गर्न राज्य पक्षहरूले आवश्यक व्यवस्था गर्ने प्रावधानहरू उल्लेख गरेको छ ।

बाध्यकारी श्रम सम्बन्धी आइ.एल.ओ. महासन्धि २९ले (यहाँ महासन्धिको धारा २९ले हुन्छ कि ?) बाध्यकारी श्रमलाई परिभाषित गर्नुका साथै राज्यबाट हुने अनिवार्य श्रमका अभ्यासहरूलाई व्यवस्थित र नियमन गर्न सुरक्षा, स्वास्थ्य, पारिश्रमिक तथा पारिवारिक बसाई, अधिकतम समय र दिन लगायतको व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

बाध्यकारी श्रम निर्मूलन सम्बन्धी आइ.एल.ओ. महासन्धि १०५ले (यसमा महासन्धिको धारा १०५ हुने हो कि ?) राज्य पक्षहरूले बाध्यकारी श्रम अभ्यासलाई निर्मूल गर्न आवश्यक प्रभावकारी कदमहरू चाल्ने तथा सजायका लागि, श्रम अनुशासनका लागि, राजनीतिक नियन्त्रण र परिचालनका लागि, रङ्गभेद तथा जातीय विभेदका दृष्टिले गरिने अनिवार्य श्रमलाई खारेज गर्ने व्यवस्था गरेको छ ।

श्रममा प्रवेश गर्ने न्युनतम उमेरसम्बन्धी महासन्धि १३८ ले श्रममा संलग्न हुने न्युनतम उमेर १५ वर्ष कायम गर्न राज्य पक्षहरूलाई निर्देशित गर्दछ ।

निकृष्ट बाल श्रम निवारण सम्बन्धी आइ.एल.ओ. महासन्धि १८२ ले बेचबिखन, बाध्यकारी श्रम तथा दासत्वको क्षेत्रमा रहेको बाल श्रम निवारण गर्न, यौन दुर्व्यवहार तथा यौन शोषण एवं शैक्षिक र स्वास्थ्य विकासमा नकारात्मक असर पार्ने बाल श्रमको तत्काल अन्त्य गर्न आवश्यक पहलहरू गर्नका लागि पक्ष राष्ट्रहरूलाई जिम्मेवार बनाएको छ ।

## घ) नीति तथा कार्यक्रम सम्बन्धी व्यवस्थाहरू

### दिगो विकास लक्ष्यहरूः वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-२०३०

दिगो विकास लक्ष्य अन्तर्गत १७ वटा लक्ष्य तथा १६९ वटा परिमाणात्मक लक्ष्यहरू रहेका छन् । उक्त लक्ष्यहरूको प्राप्तिका लागि नेपाल सरकारले नीतिगत/कार्यक्रमसम्बन्धी उपायहरूपनि तय गरेको छ । यस अन्तगर्त समावेशी वृद्धि र उत्पादनशील रोजगारीसँग सम्बन्धित नीतिगत हस्तक्षेपहरूको (ङ) मा बालश्रम उन्मुलनलाई पनि नीतिगत/कार्यक्रमसम्बन्धी उपायका रूपमा पहिचान गरिएको छ ।

नेपालले दिगो विकास लक्ष्य ८ को परिमाणात्मक लक्ष्य ८.७मानिकृष्ट स्वरूपको बालश्रमको निषेध र अन्त्य गर्न, बाध्यकारी श्रमको उन्मूलन गर्न र सन् २०२५ सम्म बालसैनिकको भर्ती र प्रयोग लगयात सबै स्वरूपका बालश्रम अन्त्य गर्न प्रभावकारी उपयाहरू तत्काल अपनाउने भनी उल्लेख गरिएकोमा नेपालले जोखिमपूर्ण भएको काम/स्थानहरूमा कार्यरत बालबालिकाको अनुपात ३० प्रतिशतबाट २०३० को अन्त्यसम्ममा शुन्य प्रतिशतमा झार्ने प्रतिबद्धता व्यक्त गरको छ । यसको मापन हरेक ५ वर्षमा सर्वेक्षण मार्फत केन्द्रीय तथ्याङ्क विभागले गर्ने उल्लेख गरिएको छ ।

दिगो विकास लक्ष्य १६ दिगो विकासका निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने रहेको छ । दिगो विकास  लक्ष्य १६ को परिमाणात्मक लक्ष्य १६.२ मा बालदुराचार, बाल शोषण, तस्करी, बेचबिखन र बालबालिकामाथिको यातना तथा सबै प्रकारको हिंसा समाप्त गर्ने रहेको मा १६.२.१ को १ मा नेपालले विगत १ महिनाको अवधिमा मनोवैज्ञानिक त्रास/आक्रमण वा शारीरिक दण्डको अनुभव गरेका १ देखि १४ वर्ष उमेरका बालबालिकाको अनुपात ८१.७ (सन् २०१५)बाट २०३० सम्ममा ० प्रतिशतमा झार्ने लक्ष्य राखेको छ । यसको मापन हरेक ५ वर्षमा नेपाल बहुसूचक सर्वेक्षण मार्फत गरिने र यो कार्य केन्द्रीय तथ्याङ्क विभागले गर्ने उल्लेख गरिएको छ । त्यस्तै, परिमाणात्मक लक्ष्य १६.२ को १६.२.२ को १ मा भारत लगायतका विदेशी मुलुकहरूमा हरेक वर्ष हुने बालबालिकाको बेचबिखन (सूचनाको सङ्ख्या) ६४ (सन् २०१५)बाट  २०३० सम्ममा ० मा झार्ने लक्ष्य राखेको छ । यसको मापन हरेक वर्ष व्यवस्थापन सूचना प्रणाली मार्फत गरिने र यो कार्य केन्द्रीय तथ्याङ्क विभागले गर्ने उल्लेख गरिएको छ ।

### पन्ध्रौं आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)

पन्ध्रौं आवधिक योजनालो तीव्र र सन्तुलित आर्थिक विकास, समृद्धि, सुशासन र नागरिकले सुखको अनुभूति प्राप्त गर्ने दुरदृष्टि तय गरको छ । यस योजनाले वि.सं. २०७९ सम्ममा अतिकम विकसित मुलुकबाट विकासशील राष्ट्रमा आफ्नो पहिचान स्थापित गराउने सोचका साथ यस योजना तयार गरिएको छ ।

यस आवधिक योजना आधारपत्रको परिच्छेद ३ को ३.८ विकासमा क्षेत्रगत भूमिका अर्न्तगत ३.८.२ मा निजी क्षेत्रको विभिन्न भूमिका मध्ये बालश्रम निवारणकालागि सहभागी एवम् संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने पनि रहेको छ । परिच्छेद ५ मा उल्लेखित ६ रणनीति मध्ये रणनीति ४ मा

निजी क्षेत्रको गुणस्तर, प्रतिस्पर्धात्मक क्षमता र विश्वसनीयता अभिवृद्धि गर्ने रहेको र उक्त रणनीति अन्तर्गतको कार्यनीति ४ मा बालश्रम निवारणमा निजी क्षेत्रको समावेष्टिको व्यवस्था गरिएको छ ।

यस योजना आधारपत्रको परिच्छेद ७ सामाजिक क्षेत्रको उपशिर्षक ७.७ बालबालिका तथा किशोरकिशोरीमा बालश्रमको अवस्था विद्यमान रहनुलाई प्रमुख समस्या र चूनौतिको रूपमा पहिचान गरिएको छ ।  यस योजनाको सफल कार्यान्वयनका लागि तय गरिएको ८ वटा रणनीति मध्ये रणनीति ३ मा बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने उल्लेख गरिएको छ । उक्त रणनीति अन्तगर्त कार्यनीति १ मा बालबालिका तथा किशोरकिशोरीहरूको बाल श्रममा संलग्नता विरूद्ध शून्य सहनशीलतको नीति अवलम्बन गरिने उल्लेख गरिएको छ । त्यस्तै, कार्यनीति २ मा बालबालिका तथा किशोरकिशोरीहरू विरूद्धको अपराध नियन्त्रण गर्न कानूनी सुधार गरिने उल्लेख छ । साथै, कार्यनीति ८ मा बालश्रम सहित बालबालिका तथा किशोरकिशोरीको संरक्षणका सवाल लगयात बालबालिका सम्बन्धी कानूनी प्रावधानका विषयहरूलाई विद्यालयको पाठ्यक्रममा समावेश गरिने कुरा उल्लेख गरिएको छ ।

यस परिच्छेदको राणनीति ६ मा राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था उल्लेख गरिएको छ । यस रणनीतिको कार्यनीति १ मा सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ, २ मा जुनसुकै क्षेत्रमा कार्यरत श्रमिकहरूको अनुगमन गरी बाल श्रमिकको उद्धार तथा पुनस्थापना गरिनेछ र ३ मा प्रदेश तथा स्थानीय तह समेतबाट सबै प्रकारका बालश्रमको अन्त्यका लागि कानूनी, नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ भनी उल्लेख गरिएको छ ।

यस योजनाको परिच्छेद १० अन्तरसम्बन्धित विषयको उपशीर्षक १०.३ श्रम तथा रोजगारीमा पनि बालश्रम विद्यमान रहनुलाई मुख्य चुनौतिको रूपमा औंल्याइएको छ । उद्देश्य ३ मा बालश्रम लगायत सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने भनिएको छ । यस उपशीर्षकमा तय गरिएका ६ वटा रणनीति मध्ये रणनीति २ मा विद्यमान श्रम तथा रोजगार सम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयन र सामजिक संवादको माध्यमबाट असल औद्योगिक श्रम सम्बन्धको विकास गर्ने तय गरिएकोमा यसै रणनीतिको कार्यनीति ६ मा बालश्रम अन्त्य गर्ने सम्बन्धी विद्यमान गुरूयोजनाको प्रभावकारी कार्यान्वयन गर्दै बालश्रम अन्त्य गरिने उल्लेख गरिएको छ ।

**बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरूयोजना (२०७५–२०८५)**

यस गुरूयोजनाको लक्ष्य नेपालबाट सबै प्रकारको बालश्रम पूर्णरूपमा निवारण गरी मुलुकलाई बालश्रम रहित बनाउनु रहेको छ । त्यस्तै, आवश्यक नीति, रणनीति तथा कानून पहिचान र संशोधन गरी वि.सं. २०७९ सम्ममा निकृष्ट बालश्रम निवारण गर्नु र वि.सं. २०८२ सम्म सबै प्रकारका बालश्रम निवारण गर्नु यो गुरूयोजनाको उद्देश्य रहेको छ । यस गुरूयोजनाले  बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६को दफा ३ बमोजिम बालश्रमको दायरामा परेका र पर्न सक्ने सबै बालबालिकालाई समेट्ने छ ।

बालश्रम निवारणसम्बन्धी नीतिगत, कानूनी र संस्थागत व्यवस्थामा सुधार गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने, बालश्रम निवारणसँग सम्बद्ध सरोकोरवालाहरूको क्षमता अभिवृद्धि गर्ने, बालश्रममा परेका बालबालिकाको नियमित खोजी, अनुगमन, उद्धार र पुनर्स्थापना गर्ने, प्रत्यक्ष लक्षित कार्यक्रम

मार्फत बालश्रमको जोखिममा परेका बालबालिका तथा तिनका परिवारकालागि रोकथाममूलक कार्यक्रम र आवश्यक सहयोग उपलब्ध गराउने तथा सरोकारवालाहरू बीच सहकार्य समन्वय र सञ्जाल स्थापना एवम् सञ्चालन गर्ने सहित यस गुरूयोजनामा ५ वटा रणनीति अवलम्बन गरिएको छ ।

यो गुरूयोजना कार्यान्वयनमा संघीय तहमा प्रमुख भूमिका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रत्यक्ष संलग्नता महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, शिक्षा, विज्ञान तथा प्रविधी, परराष्ट्र तथा कृषि तथा पशुपन्छी विकास, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका साथै राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग र राष्ट्रिय बालअधिकार परिषद्को पनि संलग्नता रहनेछ । त्यस्तै, प्रदेश तहमा सम्बन्धित मन्त्रालयले बालश्रम निवारणकालागि अनुगमन, नीतिगत निर्देशन र आचारसंहितको कार्यान्वयन गर्नेछ । स्थानीय तहमा बालश्रम हुन सक्ने सम्पूर्ण क्षेत्रको अनुगमन, कार्यक्रम सञ्चालन, स्थानीय स्तरमा चेतना अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय सरकारको रहनेछ ।

जनचेतना अभिवृद्धि गर्ने, बालश्रममा संलग्न बालबालिकाको उद्धारकालागि सरकारी निकायलाई सहयोग गर्ने बालबालिकालाई मनोपरामर्श जस्ता सेवा प्रदान गर्ने जिम्मेवारी नागरिक समाज, गैर सरकारी संस्था, सञ्चार क्षेत्र र प्राज्ञिक क्षेत्रको रहनेछ । त्यस्तै, व्यवसायिक तथा निजी क्षेत्रको जिम्मेवारीमा बाल श्रम नगराउने, बाल श्रमिकको पुर्नस्थापना गरिदिने, बाल श्रमिकको परिवारलाई वैकल्पिक रोजगारीको व्यवस्था गरिदिने जिम्मेवारी व्यवसायिक तथा निजी क्षेत्रको रहनेछ । ट्रेड युनियनले औपचारिक क्षेत्रमा बालश्रमको पहिचान गर्ने, बाल श्रमिकको तत्काल उद्धार र पुर्नस्थापनाकोलागि काम गर्ने तथा बालश्रमिकको परिवारलाई रोजगारी प्रदान गर्न पहल गर्ने अनि वयवसायिक, व्यापारिक तथा औद्यगिक क्षेत्र र समाज बीच मध्यस्थताकालागि प्रभावकारी भूमिका खेल्ने रहेको छ ।

यी सम्पूर्ण कार्य गर्नकोलागि बालश्रम (निषेधित तथा नियमित गर्ने) ऐन, २०५६ मा व्यवस्था भएबमोजिम श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा गठित बालश्रम निवारण समितिको गठन हुनेछ । साथै, उक्त मन्त्रालयमा रहेको बालश्रम हेर्ने शाखालाई सम्बद्ध निकायहरूसँग समन्वय गर्ने जिम्मेवारी दिइएको छ । साथै, यस गुरूयोजना कार्यान्वयवनकोलागि छुट्टै कार्ययोजना श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रायलले तयार गर्ने व्यवस्था छ ।

# पाठ ३ बालश्रम निवारणमा स्थानीय तह

बालश्रम कुनै एक निकायको पहलकदमीबाट मात्र पूर्ण नियन्त्रण र अन्त हुन सक्दैन । बालश्रमका विभिन्न चरणमा विभिन्न निकायहरूको भूमिका प्रमुख रहन्छ । नेपालको संघीय शासन संरचनामा स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारले बालश्र निवारण गर्न विभिन्न भूमिका निर्वाह गर्न सक्ने नीतिगत र कानूनी व्यवस्थाहरू रहेको छ । यी तिनै तहमा रहेका सरकारी निकायहरूको कार्यलाई प्रभावकारी बनाउन नागरिक संगठनहरू, निजि व्यवसायी, श्रमिक संगठनहरू र आम सञ्चार माध्यमले पनि सहयोग गर्न सक्छन् । तल राज्यअङ्ग भित्र रहेका बालश्रम निवारणका लागि जिम्मेवार भूमिका निर्वाह गर्न सक्ने सरकारी र गैरसरकारी निकायहरूको बारेमा संक्षिप्त चर्चा गरिएको छ । नेपालको संविधान अनुसार श्रम व्यवस्थापन सम्बन्धी कार्यहरू संघ र प्रदेश सरकारहरूको साझा अधिकारको सूचिमा रहेको छ । यद्यपी विभिन्न कानूनहरूले विभिन्न सन्दर्भमा स्थानीय, प्रदेश र संघीय सरकारलाई बालश्रमसँग सरोकार राख्ने विभिन्न विषयहरूमा कार्य गर्न अधिकार प्रत्यायोजन गरेको छ ।

**विभिन्न ऐनले प्रदान गरेका जिम्मेवारी र अधिकारहरू**

**बालबालिका सम्बन्धी ऐन, (२०७५)ले प्रदान गरेका अधिकारहरू :**

- स्थानीय तहमा बाल अधिकार समिति गठन गर्ने, कोष स्थापना गर्ने र स्थानीय स्तरमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

**संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, (२०७६) ले निम्न व्यवस्था गरेको छ :**

**दफा ३ : संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धको आधार :**

(घ) मानव अधिकार तथा मौलिक हक र कानूनी राज्यको सम्मान, संरक्षण र परिपूर्तिमा क्रियाशीलता ।

(ङ) बहुलता, समानता, सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणमा क्रियाशिलता ।

(ठ) सबै तहका सरकारबाट प्रदान गरिने सेवा प्रवाहमा नेपाली नागरिक बीच अविभेदको सिद्धान्तको अबलम्बन ।

(ढ) कानून तथा नीतिगत कार्यान्वयनमा एक आपसमा समन्वय र सहयोग ।

(न) साझा सरोकार र हितका विषयमा सूचना आदानप्रदान, परामर्श, आपसी समन्वय र सहयोग ।

**दफा ५. प्रदेश र स्थानीय तह तथा अन्तरस्थानीय तह बीचको अन्तरसम्बन्धः–** माथि उल्लिखित आधारहरू प्रदेश र स्थानीय तह तथा अन्तरस्थानीय तह बीचको अन्तरसम्बन्धमा पनि लागु हुन्छ ।

**दफा १०. साझा अधिकारको सूचिमा रहेका विषयहरूमा कानून बनाउनेः–** साझा अधिकारको सूचिमा रहेका विषयमा संघले बनाएको कानूनको अधिनमा रही प्रदेश र स्थानीय तहले कानून बनाउनेछन् । संघले कानून बनाइनसकेको अवस्थामा संविधान प्रतिकूल नहुने गरी प्रदेश र स्थानीय तहले कानून बनाउन सक्नेछन् ।

नेपालको संघीय संरचनाले स्थानीय सरकारलाई घर दैलोको सरकारको रूपमा व्यवस्था गरेको छ । कार्यपालिका, व्यवस्थापिका र न्यायिक समिति सहित स्थानीय सरकारहरूले स्थानीय नीति नियम बनाउने, स्थानीय सार्वजनिक सेवाहरू प्रवाह गर्ने तथा तोकिएका विषयहरूमा स्थानीय तहमा विवाद समाधान गर्ने अधिकारको प्रयोग गर्न सक्छन् । स्थानीय तह सञ्चालन ऐन, (२०७४), बालबालिका सम्बन्धी ऐन, (२०७५) तथा राष्ट्रिय शिक्षा नीति, (२०७६) र शिक्षा ऐनले स्थानीय सरकारलाई विभिन्न अधिकार र कर्तव्यहरू प्रदान गरेको छ । उक्त विभिन्न ऐन नीति नियमहरूका आधारमा स्थानीयतहमा निम्न निकायहरूले बालश्रमका विषयलाई सम्बोधन गर्न सक्छन्ः-

## बाल अधिकार समिति तथा बालबालिकासम्बन्धी शाखा

बालबालिकासम्बन्धी ऐन, (२०७५) को व्यवस्था अनुसार प्रत्येक स्थानीय तहमा उपाध्यक्ष, उपप्रमुख वा तोकिएको कार्यपालिका सदस्यको संयोजकत्वमा बाल अधिकार समिति गठन र परिचालन गर्नुपर्दछ । त्यसैगरी प्रत्येक स्थानीय तहमा बालबालिकाको अधिकार संरक्षण र संवर्द्धनसम्बन्धी क्रियाकलापहरू सञ्चालन, समन्वय गर्नका लागि बालकल्याण अधिकारी नियुक्त गर्नुपर्दछ । प्रत्येक स्थानीय तहमा बालबालिकासम्बन्धी तोकिएको शाखा रहेको हुन्छ । उक्त शाखाले स्थानीय तह, बाल अधिकार समितिले निर्णय गरे अनुसार बाल अधिकार संरक्षण र संवर्द्धनमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सक्छ । मूलतः उक्त शाखाले निम्न कार्यहरू गर्न सक्छः-

- स्थानीय तहको बालसंरक्षण कोष स्थापना र सञ्चालन गर्ने ।
- स्थानीय तहमा बालबालिकाको अवस्था तयार पार्ने, प्रमुख समस्याहरू पहिचान गर्ने र सम्बोधनका लागि कार्ययोजना बनाउने ।
- स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धनका लागि सचेतना, क्षमता विकास, अनुगमन कार्यक्रमहरू सञ्चालन गर्ने ।
- जोखिममा रहेका बालबालिकाको संरक्षणका लागि सामाजिक संरक्षणका कार्यक्रमहरू लागु गर्ने ।
- स्थानीय तहबाट बालश्रममा गएका बालबालिकाको पहिचान गरी पारिवारिक पुनर्मिलन, पुनर्स्थापना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- स्थानीय तहका विद्यालय, व्यवसाय, सार्वजनिक सेवा प्रदायकहरूमा बालसंरक्षण नीति तथा आचार संहिता बनाई लागु गर्ने गराउने ।

## शिक्षा समिति तथा शिक्षा शाखा

नेपालको संविधान अनुसार माध्यमिकस्तरसम्मको शिक्षाको व्यवस्थापन गर्ने कार्य स्थानीय तहको जिम्मेवारी हो । तसर्थ आफ्नो क्षेत्रभित्र आधारभूत तथा माध्यमिक तहको शिक्षा सञ्चालन र व्यवस्थापन गर्न कार्यपालिका सदस्यको संयोजकत्वमा शिक्षा समिति गठन र सञ्चालन गरेको हुन्छ । शिक्षा समितिले स्थानीय तहमा विद्यालय शिक्षा सुधारका कार्यक्रमहरू, छात्रवृत्ति एवं विद्यालयमा बालबालिकाको पहुँच, भर्ना, टिकाउदर र गुणस्तर सुधार गर्न एवं सुरक्षित विद्यालय प्रवर्द्धन गर्न विभिन्न कार्यहरू गर्न गराउन सक्छ । शिक्षा समितिले बालश्रम नियन्त्रण र अन्त्यका लागि निम्न कार्यहरू गर्न सक्छः-

- विद्यालयहरूमा कक्षा छाड्ने बालबालिकाको विवरण प्रत्येक तीनतीन महिनामा लिने र कक्षा छाडेका बालबालिकाको खोजी गरी पुन विद्यालय फर्काउने ।
- आर्थिक संकटका कारण अध्ययन सामाग्री, विद्यालयका लागि आवश्यक सामाग्रीहरूको व्यवस्था गर्न नसकेका बालबालिकालाई विशेष छात्रवृत्ति तथा अध्ययन सहायताको व्यवस्था गर्ने ।
- विभिन्न कारणले विद्यालय छुटेका, विद्यालयहरू गाभिनुका कारण विद्यालयबाट टाढा हुन पुगेका बालबालिकालाई वैकल्पिक शिक्षा कार्यक्रमहरू (फ्लेक्जिबल स्कुलिंग, आवासीय विद्यालय) जस्ता व्यवस्था गरी विद्यालय शिक्षामा मूलप्रवाहीकरण गर्ने ।
- सिकाइ क्षमता कमजोर भएका बालबालिकालाई उपचारात्मक शिक्षण सिकाइका कार्यक्रमहरू सञ्चालन गरी विद्यालयबाट बाहिर जानबाट रोक्ने ।
- आफ्नो तहभित्र बसोबास गर्ने (अस्थायी वा स्थायी) विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षासँग सम्बन्धित तोकिएको छात्रवृत्ति तथा अन्य सुविधा नि- शुल्क प्रदान गर्ने ।

## मानव बेचबिखन तथा ओसापसार नियन्त्रण स्थानीय समिति

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति, (२०६४) र नियमावली, (२०६५) ले मानव बेचबिखन विरूद्ध सचेतना गर्न तथा मानव बेचबिखनका घटनाहरू हुन नदिन स्थानीय अनुगमनलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति गठन गर्ने व्यवस्था गरेको छ । बालश्रममा संलग्न भएका बालबालिका मध्ये बेचबिखन तथा ओसारपसारका कार्यहरूबाट पनि बालश्रममा आइपुगेको पाइन्छ । तसर्थ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिले पनि बालश्रम न्यूनीकरणका लागि निम्न कार्यहरू सञ्चालन गर्न सक्छ–

- आफ्नो स्थानीय तहको बजार तथा उद्योगधन्दा अनुगमन गरी अन्यत्रबाट ओसारपसार गरी ल्याइएका बालश्रमिकहरूको तथ्याङ्क लिने र प्रहरीको सहयोगमा उद्धार गर्ने ।
- आफ्नो स्थानीय तहबाट अन्यत्र गएका बालबालिका ओसारपसारमा परेका हुन कि भनी अध्ययन गर्ने र फिर्ता ल्याउन पहल गर्ने ।
- वैदेशिक रोजगारीमा गएका अविभावक, संकटमा रहेका परिवारका बालबालिकालाई बेचबिखनबाट जोगाउनका लागि स्थानीय तहबाट आवश्यक सहायताको सिफारिस गर्ने ।

## तथ्याङ्क शाखा

वर्तमान राज्य संरचनामा स्थानीय तहलाई निश्चित तथ्याङ्कहरू संकलन, व्यवस्थापन र सुरक्षण (संरक्षण हो कि सुरक्षा, सुरक्षण होइन की ?)गर्ने जिम्मेवारी दिइएको छ । राज्यको तथ्याङ्क सम्बन्धी कानून, मापदण्ड तथा कार्यविधि अनुरूप स्थानीय तहका तथ्याङ्क शाखाले बालश्रम अनुगमन, अवस्था सार्वजनिक गर्न निम्न कार्यहरू गर्न सक्छः–

- स्थानीय तहमा बालबालिकाको शिक्षा, स्वास्थ्य, जन्म, बसाई, संरक्षण लगायतका विषयको तथ्याङ्कहरू संकलन गरी बालबालिका सम्बन्धी प्रोफाइल तयार पार्ने ।
- आर्थिक, सामाजिक अवस्था सूचक तथ्याङ्कहरूका आधारमा संकटापन्न परिवार, जोखिममा रहेका बालबालिकाको विवरण तयार गर्ने र आवश्यक योजना बनाई लागु गर्न सिफारिश गर्ने ।

- आफ्नो स्थानीय तह भित्रका आर्थिक क्षेत्रहरू- उद्योग, व्यवसाय, कृषि तथा रोजगारीका अन्य क्षेत्रहरूमा रोजगारी र बेरोजगारी सम्बन्धी तथ्याङ्कहरू लिने र बालश्रम सम्बन्धी अवस्था विवरण तयार पार्ने ।
- आफ्नो स्थानीय तहभित्र बसिरहेका अस्थायी बासिन्दा, शहरी गरिब बालबालिकाको तथ्याङ्क संकलन, विश्लेषण गरी योजना निर्माणमा सहयोग गर्ने ।

## न्यायिक समिति

नेपालको संघीय शासन प्रणाली अन्तर्गत स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समितिको व्यवस्था गरेको छ । उक्त न्यायिक समितिले प्रचलित कानूनले तोकेका विषयहरू उजुरी लिने, सुनवाइ गर्ने, मध्यस्थता र विवाद समाधानका कार्यहरू गर्न सक्दछ । बालश्रम न्युनीकरणका सन्दर्भमा न्यायिक समितिहरूले निम्न कार्यहरू गर्न सक्दछः–

- आफ्ना बालबालिका माथि शारीरिक मानसिक हिंसा गर्ने, भेदभाव गर्ने, विद्यालय नपठाउने, उचित हेरचाह नगर्ने र बेवास्ता गर्ने परिवारलाई नसिहत दिने र निश्चित जरिवाना गर्ने ।

  आफ्ना बालबालिकालाई श्रमिकको रूपमा काममा पठाउने अविभावकलाई न्यायिक समितिमा बोलाई सम्झाई बुझाई गर्ने, नसिहत दिने लगायतका कामहरू गर्ने ।
- फौजदारी अपराध वा अन्य गम्भीर कसुर भएको थाहा भएमा सम्बन्धित प्रहरी निकायमा आवश्यक कार्वाहीका लागि प्रेषण गर्ने ।

## रोजगार सूचना तथा सेवा केन्द्रको कार्यालय

रोजगारीको हक कार्यान्वयन गर्नका लागि नेपाल सरकारले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ लागु गरेको छ र सो ऐनले प्रत्येक स्थानीय तहमा रोजगार सूचना तथा सेवा केन्द्र स्थापना गर्ने व्यवस्था गरेको छ । हाल नेपालका ७५३ स्थानीय तहमा  रोजगारी सूचना तथा सेवा केन्द्र स्थापित र सञ्चालित छ । यद्यपी रोजगार सेवा तथा सूचना केन्द्र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको कार्यालय भए पनि, उक्त कार्यालय स्थानीय तहसँग निकट रहेका काम गर्दछ । उक्त कार्यालयले पनि बालश्रम निवारणमा निम्न भूमिका खेल्न सक्छः–

- स्थानीय तहमा बालश्रम सम्बन्धी सूचनाहरू संकलन गर्ने र आवश्यक कार्यका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा लेखि पठाउने ।
- स्थानीय तहमा असमान श्रम सम्बन्ध, बाल श्रम, बाध्यकारी श्रम, श्रमका लागि हुने मानव बेचबिखन लगायतका विषयमा सूचना तथा जानकारीहरू प्रचारप्रसार गर्ने ।
- रोजगारीको खोजीमा रहेका, जोखिममा रहेका बालबालिकाको परिवारलाई रोजगारी प्राप्त गर्न सहयोग गर्ने ।

## गैरसरकारी तथा निजि क्षेत्र

बालश्रम निवारणका लागि सरकारका निकायहरूका साथै नागरिक समुदायको पनि उत्तिकै महत्पूर्ण भूमिका रहन्छ । यस क्रममा बालश्रम प्रयोग हुन सक्ने उद्योग, व्यवसायका सञ्चालकहरू, गैरसरकारी संघ संस्थाहरू, आम सञ्चार माध्यम तथा श्रमिक संगठनहरू, उपभोक्ता समूहहरू, सामुदायिक संघ संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । बालश्रम निवारणका लागि ती विभिन्न गैरसरकारी तथा निजि क्षेत्रले निम्न कार्यहरू गर्न सक्छन्ः–

- रोजगारदाता, उद्योगी व्यवसायीहरूले आफ्नो व्यवसाय तथा उद्योगमा बालश्रमको प्रयोग नगर्ने, र अरूलाई पनि गर्नबाट रोक्ने ।
- आफ्नो उद्योग व्यवसायको आपूर्ति प्रणालीमा (क्एउउथि ऋजबष्ल) बालश्रमको प्रयोग गर्न नदिने, बालश्रम प्रयोग गर्ने सेवा प्रदायकहरूलाई आपूर्तिप्रणालीमा नलिने व्यवस्था लागु गर्ने ।
- आफ्नो उद्योग व्यवसायका कर्मचारी, सञ्चालकहरू, शेयर सदस्यहरूले बालश्रम प्रयोग नगरून भन्नका लागि आचारसंहिता लागु गर्ने, यस सम्बन्धी प्रशिक्षणहरू सञ्चालन गर्ने ।
- आमसञ्चार माध्यमहरूले लुकेर रहेका बालश्रमका बारेमा, बालश्रमिक माथि भएका हिंसा, दुर्व्यवहारका बारेमा र बालश्रमका बारेमा भएका असल कार्यहरूका बारेमा, सरकारको नीतिगत सफलता र समस्याहरूका बारेमा अनुसन्धनात्मक पैरवी पत्रकारिता गर्ने ।
- आम सञ्चार संस्थाहरूले सम्बन्धित विषय हेर्ने सञ्चारकर्मीलाई बालश्रम अनुसन्धान र प्रतिवेदन सम्बन्धी प्रशिक्षण कार्यक्रमहरूमा सहभागी गराउने, यस सम्बन्धी स्रोत तथा सामाग्रीहरू उपलब्ध गराउने ।
- श्रमिक संगठनहरूले आफ्ना सदस्य श्रमिकहरूलाई आफ्ना कार्यस्थलमा बालश्रमको अवस्था अनुगमन गर्ने, कानून विपरित बालश्रमिक राखेको उजुरी र सूचना दिने कार्यमा प्रशिक्षित गर्ने ।
- श्रमिकहरूलाई सामाजिक सुरक्षामा पहुँच बनाउन सहयोग गर्ने, श्रमिकका बालबालिका बालश्रममा नजाउन भनेर सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सामुदायिक संस्थाहरूले (आमा समूह, वन उपभोक्ता समूह, युवा समूह) आफ्नो समुदायमा बालश्रम प्रयोग नगराउन सामुदायिक अनुगमन गर्ने, उजुरी, सूचना दिने ।
- समुदायमा गरिबीमा रहेका, संकट तथा जोखिममा रहेका परिवार र बालबालिका पहिचान गरी शिक्षा तथा अन्य सहायता प्रदान गर्ने ।
- समुदायमा बालश्रम विरूद्ध सचेतना तथा स्थानीय सरकारलाई बालश्रम निवारण एवं रोकथामका लागि आवश्यक नीति तथा कार्यक्रम लागु गर्न पैरवी गर्ने ।
- गैरसरकारी संघ–संस्थाहरूले बालश्रमको अवस्था र विभिन्न पक्षहरूमा अध्ययन अनुसन्धान गर्ने ।
- गैरसरकारी संघ–संस्थाहरूले बालश्रमका बारेमा सफल अभ्यास र सिकाइहरूका बारेमा स्थानीय, प्रदेश तथा संघीय सरकारलाई जानकारी गराउने र नीतिगत रूपमा विस्तार गर्न पैरवी गर्ने ।
- स्थानीय तथा राष्ट्रिय तहमा गैरसरकारी संघ–संस्थाहरूले बालश्रमका बारेमा विभिन्न सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- बाल श्रमिकहरूलाई शिक्षा, रोकथाम, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना, कानूनी सहायता र परिवारलाई आय आर्जन गर्न सहयोग पुर्‍याउने कार्यक्रमहरू गर्ने ।

# पाठ ४ बालश्रम मुक्त स्थानीय तह कसरी बनाउने

## चरण १ : नीतिगत तथा संरचनागत व्यवस्था

बालश्रम निवारणमा कार्य गर्नका लागि स्थानीय तहहरूले स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ....ले दिएको अधिकार प्रयोग गरी स्थानीय तहहरूले बालश्रम निवारणका लागि स्थानीय नीति तथा कार्ययोजनाहरू तयार पार्न सक्दछन् । बालश्रमको सवालमा स्थानीय तहले कानून बनाउन सक्ने अधिकार वर्तमान संविधानबाट नभएको हुँदा बालश्रम सम्बन्धी कानून वा नियम बनाउने अधिकार भने स्थानीय तहलाई छैन ।

यसरी नीति तथा कार्यक्रम बनाउँदा निम्न विषयहरू ध्यान दिनु जरूरी छ :

- बालश्रम अवस्था र जोखिमता न्यूनीकरणका लागि स्थानीय बाल अधिकार समिति अन्तर्गत उपसमिति गठन गर्ने व्यवस्था गर्ने ।
- स्थानीय तहमा बालबालिकाको प्रोफाइल तयार पार्ने सम्बन्धमा बालबालिकाको श्रम सम्बन्धी जोखिमता र अवस्था सम्बन्धी तथ्याङ्क लिने व्यवस्था गर्ने ।
- स्थानीय तहमा बालश्रम निवारणका लागि कार्यक्रम गर्ने संघ संस्था, सेवा प्रदायकहरू (कानूनी, मनोविमर्श, सहायता, शिक्षा लगायतका)को नक्शांकन गरी प्रेषण प्रणालीको व्यवस्था गर्ने ।
- बालश्रम निवारणका लागि शिक्षा क्षेत्र विशेष गरी विद्यालय व्यवस्थापन तथा शिक्षा शाखा र समितिलाई जिम्मेवार बनाउने नीतिगत व्यवस्था गर्ने ।
- न्यायिक समितिले विद्यालय नपठाएको, बालबालिकालाई श्रममा पठाएको अवस्थामा स्वयं अविभावकलाई र रोजगारदातालाई जिम्मेवार बनाउने नीतिगत व्यवस्था गर्ने ।
- बाल अधिकार तथा बालबालिका लक्षित बजेट विनियोजन गर्दा बालबालिकाको जोखिमता न्यूनीकरण तथा बालश्रमबाट उद्धार गरी फर्काइएका बालबालिकाको लागि सहायता एवं सामाजिक संरक्षणका योजनाहरू समावेश गर्ने ।

## चरण २ : तथ्याङ्क संकलन र व्यवस्थापन

बालश्रम निवारणका लागि नीतिगत तथा संरचनागत व्यवस्था गरिसकेपछि दोस्रो चरणमा बालबालिका सम्बन्धी तथ्याङ्कहरू संकलन गर्ने कार्यहरू गर्न जरूरी छ । अधिकांश स्थानीय तहहरूले बालबालिकाको प्रोफाइल तयार पारेको पाइन्छ । तर यसरी बालबालिकाको प्रोफाइल तयार परिरहँदा बालश्रम तथा बालश्रमका जोखिम सम्बन्धी तथ्याङ्कहरू छुटेको पाइन्छ । यदि सही तथ्याङ्क र अवस्थाको सही विश्लेषण नभएमा बालश्रम निवारणका कार्यक्रमहरू पनि प्रभावकारी ढंगले निर्माण गर्न सकिदैन । यसरी बालश्रमको अवस्था र जोखिमतासम्बन्धी लिनैपर्ने तथ्याङ्कहरू तल तालिकामा दिइएको छ :

| बालश्रम अवस्था सम्बन्धी तथ्याङ्क | बालश्रम जोखिमता सम्बन्धी तथ्याङ्क |
|---|---|
| स्थानीय तहभित्र कुन-कुन रोजगारीका क्षेत्रमा बालबालिका संलग्न छन् ?<br><br>रोजगारीमा संलग्न बालबालिकाको उमेर, जातजाती, लिङ्ग, कार्यस्थलको अवस्था, कार्यसमय, तलव, शिक्षा आदिको अवस्था कस्तो छ ?<br><br>बालश्रमिकहरू कहाँबाट आइरहेका छन् र कसले ल्याइरहेको देखिन्छ ?<br><br>स्थानीय तहभित्र बालश्रम प्रयोग भएका प्रमुख रोजगारी तथा व्यवसायका क्षेत्रहरू कुन-कुन हुन् र कहाँ छन् ?<br><br>बालश्रमिकलाई सेवा प्रदान गर्ने सेवाप्रदायक सरकारी तथा गैरसरकारी संस्थाहरू कुन-कुन छन् र तिनीहरूले के सेवा दिइरहेका छन्, तिनीहरूको सम्पर्क विवरण के हो ?<br><br>बालश्रम सम्बन्धी नीतिगत विश्लेषण तथा प्राविधिक सहायता प्रदान गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरू कुन-कुन छन्, तिनीहरूको सम्पर्क विवरण के रहेको छ ? | विद्यालय नजाने ५ देखि १८ वर्ष उमेरका बालबालिका कहाँ छन् ? के गर्दैछन् ?<br><br>विद्यालयमा कक्षा छाड्ने दर कति छ ? कक्षा छाड्ने बालबालिका कहाँ जाने गरेका छन् ?<br><br>स्थानीय तहका नागरिकहरूको प्रमुख रोजगारीका क्षेत्रहरू कुन-कुन् हुन् र कहाँ छन् ?<br><br>परिवारसँगै नबसिरहेका बालबालिका कहाँ बसिरहेका छन् ?<br><br>परिवार तथा समुदायमा लैंगिक, जातीय विभेद, बालबालिका विरूद्धको हिंसाको अभ्यास कति छ ?<br><br>बस स्टेशनहरूमा बालबालिका एक्लै यात्रा गर्दा सोधपुछ गर्ने र रेकर्ड राख्ने गरिएको छ कि छैन ?<br><br>परिवार तथा समुदायमा बालश्रमबारे कानूनी तथा बालश्रमले पार्ने नकारात्मक प्रभाव र भ्रमहरूको बारेमा कतिसम्मको जानकारी छ ?<br><br>बालबालिका लक्षित सामाजिक सुरक्षाका कार्यक्रमहरू, योजनाहरू छन् की छैनन् र ती योजनाबाट जोखिममा रहेका कति बालबालिका लाभान्वित छन्, कति जना छुटेका छन् ?<br><br>शिक्षामा उपचारात्मक शिक्षा तथा वैकल्पिक शिक्षाका कार्यक्रमहरू छन् कि छैनन् ? |

## चरण ३ : बालश्रम सम्बोधनका लागि कार्यक्रम सञ्चालन गर्ने

### रोकथाममूलक कार्यक्रमहरू सञ्चालन गर्ने

स्थानीय तहहरूले बालश्रमसम्बन्धी नीति तथा तथ्याङ्कहरू प्राप्त गरिसकेपछि, ती तथ्याङ्कहरूको आधारमा बालश्रम सम्बोधनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । यसरी कार्यक्रम सञ्चालन गर्दा पहिलो प्राथमिकता रोकथाममूलक कार्यक्रमहरूलाई दिनुपर्दछ । यसले गर्दा बालश्रम समस्या बढ्न पाउँदैन र समयमै नियन्त्रणमा लिई निवारण गर्न सकिन्छ । अघिल्लो पाठमा

दिइएका विभिन्न कार्यक्रमहरूमध्ये अवस्था र प्राथमिकताका आधारमा स्थानीय तहले रोकथाममूलक कार्यक्रमहरू छनौट गर्न सक्छ । यस्ता केही कार्यक्रमहरू निम्न रहेका छन् :

- विद्यालय उमेरका सबै बालबालिका अनिवार्य रूपमा विद्यालय भर्ना हुने, भर्ना हुन सहयोग गर्ने कार्यक्रमहरू ।
- विद्यालय छाडेका र विद्यालयमा कमजोर सिकाइ भएका बालबालिकालाई लक्षित गरी वैकल्पिक शिक्षाका कार्यक्रमहरू, दुर शिक्षा, मोडुलर एजुकेशन, कन्डेन्सड कार्यक्रमहरू, तथा उपचारात्मक शिक्षण सिकाइका कार्यक्रमहरू ।
- स्थानीय बसपार्क तथा राजमार्ग भए प्रहरी चौकीहरूसँग समन्वय गरी एक्लै वा बालश्रममा जाने उद्देश्यले यात्रा गरिरहेका बालबालिकाको संरक्षण र फिर्तीका लागि सार्वजनिक यातायातको नियमित अनुगमन ।
- बालश्रम प्रयोग गर्न सक्ने रोजगार क्षेत्रका व्यवसायीहरूलाई आचारसंहिता तथा बालश्रम सम्बन्धी कानूनको अनिवार्य पालना गर्न निर्देशन र यसलाई पूर्व शर्त मानी सार्वजनिक सेवामा सहजीकरण गर्ने कार्यक्रमहरू ।
- समुदाय, परिवारमा बालश्रमबारे रहेका भ्रमहरू तथा गलत परम्परागत मान्यताहरूलाई सम्बोधन गर्न सचेतना तथा सामुदायिक परिचालन, बाल क्लवको सक्रियता प्रवर्द्धन जस्ता कार्यक्रमहरू।
- अत्यन्तै गरिब तथा आर्थिक विपन्न रहेका परिवार, बालबालिकालाई सामाजिक संरक्षण कार्यक्रमहरू मार्फत संरक्षण प्रदान गर्ने ।
- अनौपचारिक श्रमिकहरूको न्यूनतम ज्याला तय गर्ने, लागु गर्ने र पञ्जिकरण, अनुमती-पत्र र अनिवार्य रूपमा पञ्जिकरण भएका श्रमिकहरूमात्र श्रममा लगाउने व्यवस्था गर्ने ।
- बालबालिकालाई विद्यालय नपठाउने अविभावक तथा रोजगारदाताहरूलाई न्यायिक समिति आफैले मुद्दा बनाई कार्वाही गर्ने ।

### अनुगमन, उद्धार, पुनर्मिलन र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गर्ने

बालश्रम सम्बन्धी उद्धार तथा कार्वाहीका लागि विद्यमान कानूनले श्रम कार्यालयहरूलाई जिम्मेवार बनाएको छ । तर, स्थानीय तहले बजार अनुगमन गरिरहँदा बालश्रमको अवस्था अनुगमन गर्ने र सोही अनुरूप श्रम कार्यालय, प्रहरी कार्यालयको समन्वय र सहकार्य तथा नागरिक संस्थाहरूको सहकार्यमा बालश्रमिकको उद्धार तथा पुनर्स्थापनाका कार्यहरू पनि गर्न सक्दछ । यसरी बालश्रम अनुगमन, उद्धार, पुनर्मिलन तथा पुनर्स्थापनाका लागि स्थानीय तहले निम्न कार्यहरू गर्न सक्दछ :

- बजार अनुगमनको कार्य गरिरहँदा बालश्रम प्रयोग भए नभएको पनि अनुगमन गर्ने ।
- स्थानीय तहमा फेला परेका अन्य स्थानीय तहबाट आएका बालश्रमिक तथा आफ्नो स्थानीय तहबाट अन्यत्र गई श्रममा संलग्न भएका बालश्रमिकको उद्धार तथा घरफिर्तीका लागि सम्बन्धित स्थानीय तहहरूसँग समन्वय र सहकार्यको सम्झौता गर्ने ।
- कानून विपरित तथा निकृष्ट अवस्थामा बालश्रममा लगाएको पाइएमा श्रम कार्यालयलाई आवश्यक कार्वाहीका लागि प्रेषण गर्ने ।

उद्धार गरेका बालश्रमिकहरूको अस्थायी संरक्षण तथा सहायताका लागि नागरिक संगठनहरूसँगको सहकार्यमा आवधिक आवासीय संरक्षण केन्द्र, बाल संरक्षण सहायता कोषहरू स्थापना गरी सञ्चालन गर्ने ।

**बालश्रम मुक्त स्थानीय तह घोषणा गर्ने**

बालश्रम मुक्त स्थानीय तह हुनु आफैमा गौरवशाली कार्य हो र यसले समृद्धिका लागि रोजगारीका नयाँ मार्गहरू प्रशस्त गर्दछ । त्यसैले बालश्रम मुक्त स्थानीय तह घोषणा गर्ने कार्यमा सबै स्थानीय तह लाग्न जरूरी छ । यसका लागि एक वस्ती, टोल, वडा हुँदै बालश्रम मुक्त क्षेत्र घोषणा गर्न सकिन्छ । घोषणाका कार्य चरणहरू निम्न छन् :

- स्थानीय तहले बालश्रम मुक्त स्थानीय तह बनाउने कार्ययोजना आफ्नो आवधिक योजना तथा वार्षिक नीति कार्यक्रम र बजेटमा उल्लेख गर्ने ।
- स्थानीय तहले बालश्रम मुक्त हुनका लागि निम्न सूचकहरू पुरा गर्ने तयारी गर्ने र सोही अनुसार कार्य गर्ने : बालश्रम सम्बन्धी नीतिगत तथा संरचनागत व्यवस्था, बालश्रम सम्बन्धी अद्यावधिक तथ्याङ्क, बालश्रम निवारण तथा रोकथामका लक्षित कार्यक्रमहरू, कार्यसञ्चालनका लागि आवश्यक श्रोत तथा साधनको व्यवस्था, अनिवार्य शिक्षाको व्यवस्था, समन्वय र सहकार्यका व्यवस्था ।
- प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट तोकिएको संरचनाबाट बालश्रम मुक्त भए नभएको मूल्याङ्कन गर्ने र बालश्रम मुक्त क्षेत्र घोषणा गर्ने । बालश्रम मुक्त हुनका लागि उक्त स्थानीय तहबाट बालश्रममा संलग्न हुन अन्यत्र गएका बालबालिकाको संख्या सुन्य र सोही तहमा श्रममा संलग्न बालबालिकाको संख्या १० भन्दा कम हुनुपर्दछ ।

**बालश्रम मुक्त स्थानीय तह अभियानमा स्वतन्त्रता अभियानले के सहयोग गर्न सक्छ ?**

स्वतन्त्रता अभियान नेपाल दासत्व, बाध्यकारी श्रम, श्रम शोषण र बालश्रमका विरूद्ध क्रियाशिल नागरिक संस्था हो । २०६९ मा स्थापित यस संस्थाले विशेष गरी नीतिगत पैरवी, नागरिक सशक्तिकरण, प्रभावितहरूलाई संगठित गर्ने र आफ्नो हित रक्षाका लागि सहभागी गराउने, र सरकारका निकायहरूलाई अनुसन्धानमा आधारित वस्तुगत नीति निर्माणका लागि प्राविधिक सहायता उपलब्ध गराउने कार्यहरू गर्दै आइरहेको छ ।

बालश्रम मुक्त स्थानीय तह अभियानका लागि स्वतन्त्रता अभियान नेपालले सम्बन्धित स्थानीय तहहरूलाई निम्न सहायता उपलब्ध गराउन सक्दछ :

- बालश्रम न्यूनीकरण तथा अनुसन्धान र धारणागत स्पष्टताका विषयमा प्रशिक्षण, कार्यशाला गोष्ठी आदिका लागि श्रोत व्यक्ति उपलब्ध गराउन सक्दछ ।
- बालश्रम सम्बन्धी स्थानीय कार्ययोजना तथा नीतिगत व्यवस्थाहरू गर्न प्राविधक तथा विज्ञ सहायता उपलब्ध गराउन सक्दछ ।
- स्थानीय रोजगारदाता तथा नागरिक संस्थाहरूलाई बालश्रमका विषयमा अध्ययन अनुसन्धान, नीतिगत पैरवी लगायतका प्रशिक्षण सञ्चालन गर्न श्रोत व्यक्ति उपलब्ध गराउन सक्दछ ।
- बालश्रम न्यूनीकरण तथा निवारण सम्बन्धी कार्यक्रमहरू कार्यान्वयनका क्रममा प्राविधिक तथा विज्ञ सहायता उपलब्ध गराउन सक्दछ ।

for a larger freedom
स्वतन्त्रता अभियान
SWATANTRATA ABHIYAN

Bakhundole, Kupondole, Lalitpur
Tel: : 01-5546746, 01-5546790
E-mail: swatantrataabhiyan@gmail.com
www.swatantrataabhiyan.org